का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ भदौ २०८०,
मंगलबार
29 August 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २१५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# संघीयताप्रति उदासिन नेतृत्व

## कहिले बन्ला आवश्यक कानून ?

गाउँ गाउँमा सिंहदरबारको नारा दिएर जनतामा गएको वर्षौंसम्म त्यस अनुकूलको कानूनी व्यवस्था स्थापित गर्न नसक्नु चिन्ताको विषय भएको मुख्यमन्त्रीहरुको साझा ध्यानाकर्षण रहेको छ ।



*प्रदेश सरकारलाई सबल नबाइ र हालकै अवस्थामा चल्ने अवस्था कायम राखिए थप जटिलता पैदा हुनेछ । यसको जिम्मेवार हामी सबै हुनुपर्छ । नेतृत्वको हिसावले प्रधानमन्त्री प्रचण्ड अझ बढ्ता जिम्मेवार हुनुहुनेछ ।*

**शालिकराम जम्मकट्टेल**
**मुख्यमन्त्री, बागमती प्रदेश**



*प्रधानमन्त्रीको अध्यक्षतामा सोमबार बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक । तस्बिर: प्रधानमन्त्रीको सचिवालय*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ भदौ ।

मुकुकमा संघीयता लागू भएको आठ वर्ष भयो । तर यसबीचमा संविधान अनुकल भाषाहरु मिलाउने गरी कानून संशोधन भएका छन् । तर संघीयता लागू गर्न आवश्यक कानूनहरु भने अझै बन्न नसकेको छैन । यस विषयमा सोमबार मुख्यमन्त्रीहरुले संघीय सरकार र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको ध्यानाकर्षण गराए ।

संघीयता कार्यान्वयनसँग जोडिएका महत्वपूर्ण ऐन तथा कानूनको निर्माण प्रक्रिया तत्काल अगाडि बढाउन र संघीयतालाई बलियो बनाउन पनि उनीहरुको आग्रह छ । गाउँ गाउँमा सिंहदरबारको नारा दिएर जनतामा गएको वर्षौंसम्म त्यस अनुकुलको कानूनी व्यवस्था स्थापित गर्न नसक्नु चिन्ताको विषय भएको मुख्यमन्त्रीहरुको साझा ध्यानाकर्षण रहेको छ ।

नागरिकलाई घर आँगनमै सहजरुपमा सेवासुविधा उपलब्ध गराउने उद्देश्यले ल्याइएको संघीय प्रणाली पनि प्रक्रियामा फस्दै गएको उनीहरुको चिन्ता छ । मुख्यमन्त्रीहरुले गत असारमा पोखरामा सम्पन्न राष्ट्रिय समन्वय परिषद्को बैठकले गरेका निर्णय पनि तत्काल कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा सोमबार आयोजित राष्ट्रिय विकास समस्या समाधान समितिको ५१ औं बैठकमा सहभागी मुख्यमन्त्रीहरुले प्रदेश सरकारलाई सबल नबाई र हालकै अवस्थामा चल्ने अवस्था कायम राखिए थप जटिलता पैदा हुने चेतावनी नै दिएका छन् ।

प्रहरी समायोजन ऐन कार्यान्वयनमा आउन नसक्दा प्रदेश सरकारले प्रभावकारी पृष्ठ २ मा

### १८१ वटा नयाँ कानून आवश्यक

संविधान लागू गर्न आधारभूत रुपमा कम्तीमा १८१ वटा कानून बनाउनुपर्ने उल्लेख छ । जसमध्ये संघीय संसदले १५०, प्रदेश सभाले २४ र स्थानीय तहले ६ वटा विषयमा कानून बनाउनुपर्ने भनि सिफारिस गरिएको छ । संघीय संसदले बनाउनुपर्ने १५० वटा कानूनमध्ये ३९ वटाको प्रक्रिया तत्काल सुरु गर्न सिफारिस गरिएको छ ।

संघीयता कार्यान्वयनका लागि थप १८१ वटा कानून बनाउन आवश्यक रहेको एक संसदीय अध्ययनले देखाएको छ । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले तयार पारेको 'संविधान अनुसार बन्न बाँकी कानूनहरुको अध्ययन प्रतिवेदन-२०८०' ले आवश्यक कानूनहरुको विषय नै तय गरेको छ ।

२०७४ मंसिरको चुनावबाट चुनिएको संसदले १०२ वटा कानून बनाएको थियो । २०७९ मंसिरमा अर्कोचुनाव भएर आएको प्रतिनिधिसभाले संघीयता कार्यान्वयनसँग जोडिएको कुनै विषयमा कानून बनाएको छैन ।

राष्ट्रिय सभा सदस्य खिमलाल देवकोटा 'संसदको अघिल्लो कार्यकालमा संविधान बमोजिम भाषा शब्द मात्रै मिलाउने गरी रातारात विधेयकहरु आएर र पारित भएको' स्मरण गर्छन ।। कानूनको अभावमा संविधानको प्रभावकारी कार्यान्वयन हुन सक्दैन भन्ने प्रमाण संघीय निजामती सेवा विधेयक नबन्दा परेको असर भएको उनलाई लाग्छ । अगाडि भन्छन्, 'यो नहुँदा सिंगो कर्मचारी संयन्त्र लथालिंग छ ।'

संविधान जारी भएको लामो समयसम्म संविधानप्रदत पृष्ठ २ मा




# स्थानीयले खोजे स्थानान्तरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ भदौ ।

काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन हुँदै आएको बञ्चरेडाँडा ल्याण्डफिल साइट प्रभावित क्षेत्रका स्थानीयले विगतमा भएका सहमति कार्यान्वयन नभएको भन्दै सरोकारवालाहरुको ध्यानाकर्षण गरेका छन् । माग पूरा नभए आगामी असोज १ गतेदेखि उपत्यकाको फोहोर लैजान प्रतिबन्ध लगाउने सरोकार समितिको घोषणा छ ।

सोमबार राजधानीमा पत्रकार सम्मेलन गर्दै सरोकार समितिले २०६२ सालदेखि काठमाडौं महानगर र उपत्यकाका अन्य नगरपालिकाले ल्याण्डफिल साइट प्रभावित क्षेत्रका बासिन्दालाई विभिन्न पटक सहमति गरेको स्मरण गराएको छ । सहमति कार्यान्वयन नभएको भन्दै उनीहरुले दीर्घकालिन समाधान खोजेका छन् ।

फोहोर मैलाका कारण स्थानीय बासिन्दाहरूमा नकारात्मक असर परे पनि सरोकारवाला निकायहरुले उक्त समस्यालाई नजरअन्दाज मात्रै गरेको उनीहरुको गूनासो छ । प्रभावित क्षेत्रलाई विशेष संवेदनशील क्षेत्र घोषणा गरी सोही अनुरूपको कार्यान्वयन गरिनुपर्ने उनीहरूको माग छ ।

प्रदूषणरहित मानव बस्ती र मानवरहित ल्याण्डफिल साइट दीर्घकालिन समाधान भएको सरोकार समितिको बुझाइ छ । मानवरहित ल्याण्डफिल साइट भनेर उनीहरुले बञ्चरेडाँडा भन्दा अन्यत्रै स्थानान्तरण खोजेका छन् ।

प्रभावित क्षेत्रलाई अधिकरण गरेर र मानव बस्तीरहित हरियाली क्षेत्र कायम गर्नुपर्नेमा त्यसो नगरेको, अस्पतालजन्य फोहोर मैला, विषाधिजन्य फोहोर मैला, औद्योगिकजन्य फोहोर मैला प्रतिबन्ध नगरेको आरोप लगाउँदै उनीहरु पुनः विरोधमा उत्रिएका हुन् ।

*माग पूरा नभए प्रभावित क्षेत्रका १० हजार मान्छे उठेर टुडिखेलमा आएर बस्ने हो । प्रहरी प्रशासनले कुन-कुन जेलमा कति दिन राख्छ, हामी हाम्रा छोरा र नातिहरुका लागि त्यो सामना गर्छौं ।*

**श्रीराम ढुंगाना**
**स्थानीय**

बञ्चरेडाँडा ल्याण्डफिल साइट प्रभावित क्षेत्र सरोकार समितिका संयोजक श्रीराम ढुंगाना आफूहरु जीवन मरणको अवस्थामा रहे पनि राज्यले समस्या समाधान गर्न चासो नदिएको बताउँछन् । माग पूरा नभए असोज १ गतेदेखि फोहोर लैजान रोक्ने र सरकारले जबरजस्ती गरे १० हजार मान्छेसहित आएर टुँडिखेलमा बस्ने उनको चेतावनी छ । उनी भन्छन्, 'प्रभावित क्षेत्रका १० हजार मान्छे उठेर टुँडिखेलमा आएर बस्ने हो । धादिङ र नुवाकोटको १० हजार मान्छेलाई यहाँको प्रहरी प्रशासनले कुन-कुन जेलमा कति दिन राख्छ हामी हाम्रा छोरा र नातिहरूका लागि त्यो सामना गर्छौं ।'

## वैदेशिक रोजगार विशेष

### विदेश पाठाइदिन्छु भन्दै ठगी गर्ने चार जना पक्राउ

**काठमाडौं/मस-** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पठाइदिने भन्दै रकम ठगी गरेको अभियोगमा चार जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा नवलपरासी देवचुली नगरपालिका-८ घर भइ कठमाडौ टोखा नगरपालिका-३ बस्ने ३० वर्षीय समिर आलेमगर, रामेछाप उमाकुण्ड गाउँपालिका-१ घर भइ काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-८ गोठाटार बस्ने ३५ वर्षीया शर्मिला सुनुवार, सल्यान कपुरकोट गाउँपालिका-३ घर भइ भक्तपुर सूर्यविनायक नगरपालिका-१ बस्ने ५१ वर्षीय जगतबहादुर खड्का र कास्की पोखरा महानगरपालिका घर भइ ललितपुर महानगरपालिका-१४ नख्खीपोट बस्ने ४० वर्षीया तारा गुरुङ रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिए ।

मगरले दुई जनालाई क्यानडा पठाइ प्रतिष्ठित मार्केटमा मासिक दुई लाख रुपैयाँ तलबमा काम लगाइदिने भन्दै पीडितबाट पाँच लाख ४५ हजार रुपैयाँ, सुनुवारले एक जनालाई क्रोएसिया पठाइ फुड प्याकिङमा मासिक एक लाख रुपैयाँ तलबमा काम लगाइदिने भन्दै पटक-पटक गरी दुई लाख रुपैयाँ, खड्काले एक जनालाई कुवेत पठाइ बाइक राइडरमा मासिक पचास हजार रुपैयाँ तलबमा काम लगाइदिने भन्दै एक लाख ९४ हजार रुपैयाँ र गुरुङले एक जनालाई नेदरल्याण्ड पठाइ सुपरमार्केटमा मासिक एक लाख रुपैयाँ तलबमा काम लगाइदिने भनेर तीन लाख ४५ हजार रुपैयाँ ठगी गरेको प्रहरी उपरीक्षक केसीले बताए ।

मगरलाई काठमाडौंको टोखाबाट, सुनुवारलाई काठमाडौंको मनोहराबाट तथा खड्कालाई काठमाडौंकै सामाखुशीबाट शुक्रबार र गुरुङलाई ललितपुर नख्खिपोटबाट आइतबार पक्राउ गरिएको हो ।

पक्राउ परेकालाई थप अनुसन्धान तथा कारबाहीका लागि ताहाचलस्थित वैदेशिक रोजगार विभागमा पठाइएको प्रहरी उपरीक्षक केसीले बताए ।

## एमसीसी र एसपीपीमाथि फेरि प्रश्न

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ भदौ ।

अमेरिकी आर्थिक सहयोग परियोजना (एमसीसी) र अमेरिकाको स्टेट पार्टनरशिप कार्यक्रम (एसपीपी) को विषयलाई लिएर सत्तारुढ गठबन्धनमा रहेको दलहरुबाटै फेरि प्रश्न उठाउन थालिएको छ । यी दुवै सम्झौता नेपालमा विवादित छन् ।

गत साउन ३१ गते बसेको मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए-नेपाल)को सञ्चालक समिति बैठकले यही भदौ १३ गतेदेखि एमसीसी पूर्णरुपमा लागू गर्ने निर्णय गरेको थियो । उक्त मिति नजिकिँदै गर्दा सत्तारुढ दलहरुभित्रैबाट प्रश्न उठाउन थालिएको हो ।

सत्तारुढ दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल एमसीसीको व्याख्यात्मक टिप्पणीमा प्रश्न उठेको बताउँछन् । 'एमसीसीका कुरा उठेका छन्, व्याख्यात्मक टिप्पणीको कार्यान्वयन भइरहेको छ की छैन ? भन्नेबारेमा कुरा उठिसकेको छ' सोमबार प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा उनले भने । एमसीसीको व्याख्यात्मक टिप्पणीबारेमा प्रश्न उठेकाले त्यसबारेमा समितिमा छलफल हुन आवश्यक रहेको पृष्ठ २ मा

## मिनी संसदले पायो पूर्णता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ भदौ ।

प्रतिनिधि सभाका विषयगत संसदीय समितिले पूर्णता पाएको छ । सोमबार नवनिर्वाचित सभापतिले पद तथा गोपनियताको शपथग्रहण गरेका छन् । १० वटै समितिका सभापतिहरुले शपथग्रहण गरेका हुन् ।

विभिन्न १० समितिमध्ये ९ वटामा एकल उम्मेदवारी परेको थियो । उद्योग समितिमा भने दुइ जनाको उम्मेदवारी परेको थियो । रास्वपाका गणेश पराजुली र जनमत पार्टीका अब्दुल खानको उम्मेदवारी परेको थियो । अन्तिम अवस्थामा पराजुलीले उम्मेदवारी झिकेपछि खान सर्वसम्मत निर्वाचित भए ।

सार्वजनिक लेखा समिति सभापतिमा नेकपा एमालेका ऋषिकेश पोखरेल निर्वाचित भए । एमालेकै पृष्ठ २ मा

### मधेशीप्रति न्याय गर्न उम्मेदवारी फिर्ता : पराजुली

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद गणेश पराजुली प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका उम्मेदवार थिए । अन्तिम अवस्थामा पराजुलीले अर्का उम्मेदवार जनमत पार्टीका अब्दुल खानलाई छाडिदिए । त्यसपछि खान सर्वसम्मत सभापतिमा निर्वाचित भए ।



उम्मेदवारी झिकेपछि पराजुलीले मधेशीप्रति न्याय गर्नका लागि आफूले सभापतिको उम्मेदवारी पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१२ भदौ २०८०, मंगलबार
29 August 2023, Tuesday

एनसीसी कतार

# आयव्यय छानबिन समितिलाई निवर्तमान कार्यसमितिले दिएन कागजात

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, ११ भदौ

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारको दशौं राष्ट्रिय महाधिवेशनबाट २१/२३ कार्यकालको आयव्यय छानबिन गर्न गठित समितिले कागजात नपाएको खुलासा भएको छ। एनआरएनए एनसीसी कतारले जारी गरेको एक सूचना अनुसार छानबिन समितिले पटक-पटक मौखिक एवं लिखित सन् २०२१-२०२३ कार्यकालको सम्पूर्ण कागजपत्र उपलब्ध गराउन अनुरोध गर्दा पनि आवश्यक कागजात निवर्तमान कार्यसमितिले उपलब्ध नगराएको जनाएको छ।

छानबिन समितिको म्याद सकिएको दुई दिनसम्म पनि छानबिनको रिपोर्ट सार्वजनिक नभएको समाचार मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित भएपछि एनसीसी कतारले एक सूचना जारी गर्दै निवर्तमान कार्यसमितिका अध्यक्षलाई पत्राचार गरी पाँच दिनभित्र छानबिन समितिले माग गरेको कागजपत्र उपलब्ध गराएर समितिलाई सहयोग गर्न अनुरोध गरेको जनाएको छ। पत्रमा निवर्तमान कार्यसमितिको माइन्युट बुक, बैंक स्टेटमेन्ट, खर्चको बिल भरपाई लगायतका महत्वपूर्ण कागजपत्र उपलब्ध गराइ छानबिन समितिलाई सहयोग गर्न आग्रह गरिएको एनसीसीले जनाएको छ।

एनसीसी कतारको कार्यसमितिको अगस्ट ४ मा सम्पन्न पहिलो बैठकले छानबिन समितिलाई १५ दिनभित्र छानबिन प्रतिवेदन बुझाउन अनुरोध गरेकोमा छानबिन समितिले सो समयमा छानबिन नसकिएकोले थप समय माग गरेपछि एनसीसीले एक हप्ताको समय सिमा थप गरेको थियो। उक्त समयसीमा पनि गएको शुक्रबार राति १२ बजे सकिएको थियो।

गरूडा नगर उद्योग वाणिज्य संघ चुनाव

# अध्यक्षमा दुई जनाको कडा प्रतिस्पर्धा

**मध्यान्ह संवाददाता**
रौतहट, ११ भदौ



रौतहटको मध्यभागमा रहेको गरुडामा नगर उद्योग वाणिज्य संघको अध्यक्ष पदमा दुई जनाबीच कडा प्रतिस्पर्धा हुने भएको छ।

गरुडा नगर उद्योग वाणिज्य संघ गरुडाको भवनमा शुक्रबार गरुडा नगर उद्योग वाणिज्य संघको विद्यान २०७३ को परिच्छेद ७ को दफा ४५ बमोजिम अगामी ३ वर्षे कार्यकालको लागि भदौ १८ गते हुने चुनावमा अध्यक्ष पदको लागि दुई जना उम्मेदवार सन्तोष कुमार चौधरी र शतिष प्रसाद साहले उम्मेदवारी दर्ता गराएका छन्। उम्मेदवारी दिएका दुवै जना उम्मेदवार अहिले प्रचार प्रसारको लागि मतदाताको घर-घरमा पुगिरहेका छन्।

दुवै उम्मेदवार आफ्नो पक्षमा माहोल बनाउन मतदाताको घर-घरमा पुगेर आफ्नो पक्षमा मतदान गरिदिन मतदातासँग आग्रह गरिरहेका छन्। एक अध्यक्ष र १३ जना सदस्य पदका लागि हुने निर्वाचनमा कुल ३३ जना चुनावी मैदानमा उत्रिएका छन्। भदौ १८ गते हुने संघको निर्वाचनमा कुल ९ सय ५२ जना मतदाताले मतदान गर्न पाउने छन्।

यसैबीच अध्यक्ष पदका उमेदवार सन्तोष चौधरीले बहुमत आफ्नो पक्षमा रहेको भन्दै जीत सुनिश्चित रहेको दाबी गरेका छन्। आफ्नो पक्षमा अपार बहुमत रहेकोले आफ्नो जीत कसैले रोक्न नसक्ने अध्यक्षका उम्मेदवार चौधरीको दावी छ।

चौधरीले भने, 'मेरो जीतको अवस्था सुनिश्चित छ। मलाई जिताउनका लागि सबै व्यापारी एकढिक्का भएर लागेका छन्। त्यसकारण म जित्छु भन्ने भान भएको छ। मलाई आर्थिक समृद्धिका बारेमा निकै अनुभव पनि छ। मेरो पक्षमा विगतका दिनदेखि महासंघलाई बुझेका निकै लामो समयदेखि जिम्मेवारीमा बसेका व्यक्तिहरू रहेका छन्।'

उनले अघि थपे, 'म व्यापारीको मर्म, भावना र समस्याहरू राम्रोसँग बुझेको छु। त्यसैले व्यापारीहरु मलाई अवश्य बहुमत दिएर विजयी गराउँछन्।' त्यस्तै अर्का उम्मेदवार सतिश साहले भने, 'यो चुनावमा मेरो जित निश्चित छ, किनभने विगत १२ वर्षदेखि मैले यस संस्थामा कार्यरत रही व्यापारीहरुको समस्या सुल्झाउँदै आएको छु। व्यापारीको पीडाहरूलाई कम गर्न लागि पनि मेरो उम्मेदवारी महत्वपूर्ण रहेको छ।' साहले आफु चुनाव जिते गरुडा नगरको समृद्धिमा कायापलट नै गर्ने बताए। साथै उनले आफू कुनै पार्टीको उम्मेदवार नभइ व्यापारीहरुको पार्टी रहेको बताए।

नेपाल नेत्रज्योति संघ र कतार च्यारिटीबीच सम्झौता

# २२ सय बिरामीको निःशुल्क शल्यक्रिया हुने



**काठमाडौं/मस-** नेपाल नेत्रज्योति संघ र कतार च्यारिटीबीच आँखा स्वास्थ्य क्षेत्रमा सहकार्य गर्ने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। सोमबार दुई संस्थाबीच नेत्रज्योति भवनमा भएको सम्झौतापत्रमा नेपाल नेत्रज्योति संघका तर्फबाट संघका अध्यक्ष प्रा.डा चेतराज पन्त र महासचिव भरतबहादुर चन्द तथा कतार च्यारिटीका तर्फबाट कन्ट्री डाइरेक्टर मोहम्मद बकास र कार्यक्रम व्यवस्थापक इरसाद अलि शेखले हस्ताक्षर गरेका छन्।

उक्त सम्झौता अनुसार बाँके, कपिलवस्तु, रौतहट, सुनसरी र सर्लाही जिल्लाको ग्रामिण क्षेत्रका नागरिकहरुलाई लक्षित गरी विभिन्न आँखा शिविरहरुको आयोजना गरी २ हजार २ सय मोतियाबिन्दुका बिरामीहरुको निःशुल्क शल्यक्रिया गरिनेछ। आँखा शिविर तथा शल्यक्रियाका लागि आर्थिक सहयोग कतार च्यारिटीले गर्नेछ भने प्राविधिक सहयोग नेपाल नेत्रज्योति संघले गर्नेछ।

उक्त सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा बोल्दै संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रले कतार च्यारिटी जस्तै दातृ निकायहरुको सहयोग र सहकार्यमा सन् २०३० सम्ममा नेपालबाट उपचार पछि निको हुने अन्धोपन निवारण हुने विश्वास व्यक्त गरे।

त्यस्तै कतार च्यारिटीका कन्ट्री डाइरेक्टर मोहम्मद बकासले च्यारिटीले विगत ५ वर्षदेखि शिक्षा, स्वास्थ्य, खानपानी र जीविकोपार्जन क्षेत्रमा कार्य गर्दै आइरहेको र स्वास्थ्य क्षेत्रमा मोतियाबिन्दुको शल्यक्रियामार्फत दृष्टि पुनर्स्थापनाका लागि नेत्रज्योति संघसँग यो सम्झौता गरिएको र यसबाट २ हजार भन्दा बढी बिरामीहरु प्रत्यक्षरुपमा लाभान्वित हुने बताए।

अहिले पनि नेपालको आँखा उपचार सेवा सस्तो र गुणस्तरीय भएकाले विभिन्न देशका नागरिकहरु नेपालमा आँखा उपचार गराउन आइरहेको भन्दै संघका महासचिव भरतबहादुर चन्दले नेपाललाई आँखा उपचारको पर्यटन गन्तव्यका रुपमा विकास गर्ने लक्ष्यसहित संघले आफ्ना कार्यक्रमहरु अगाडि बढाइरहेको बताए। संघका अध्यक्ष प्रा.डा चेतराज पन्तले कतार च्यारिटीसँगको सहकार्यले आर्थिक अभावकै कारण आँखा उपचारबाट बञ्चित नागरिकहरुले निःशुल्क आँखा उपचार प्राप्त गर्न सक्ने विश्वास व्यक्त गरे।

# केरवानी माविमा शैक्षिक मेला

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, ११ भदौ

रूपन्देहीको देवदह नगरपालिका-५ मा रहेको केरवानी माध्यामिक विद्यालयमा केरवानी शैक्षिक मेला आयोजना गरिएको छ।

केरवानी माविको आयोजना र सोइया महिला स्वावलम्बी संस्थाको सहयोगमा नगरस्तरीय शैक्षिक मेलाको आयोजना गरिएको हो। घर, समुदाय तथा विद्यालयमा सिकाइ, संस्कार प्रवर्द्धन गरी बालबालिकाको आनीबानीको विकास गर्ने उद्देश्यले मेला आयोजना गरिएको विद्यालयले जनाएको छ। कार्यक्रमका प्रमुख अतिथि एवम् देवदह नगरपालिकाका नगर उपप्रमुख विद्या लक्ष्मी गुरुङले मेलाले विद्यार्थीको अतिरिक्त क्रियाकलापसँगै शैक्षिक गुणस्तर बढाउन मेलाले सहयोग पुग्ने बताइन्। उनले सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तरकासाथ घरपरिवार तथा समाजमा संस्कार खस्किदै गएको हुँदा यस्ता खालका कार्यक्रमले विद्यालय र विद्यार्थीको समुदायस्तरसँगको सम्बन्धलाई प्रगाढ बनाउने विश्वास व्यक्त गरिन्।

कार्यक्रममा देवदह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद सापकोटाले शैक्षिक मेलाले विद्यालयमा व्यवहारिक शिक्षा र प्राविधिक शिक्षासहित संस्कार र संस्कृतिको विकास हुने विश्वास व्यक्त गरे। विद्यालयका प्रधानाध्यापक निर्मल ढुंगानाले विद्यालयको व्यावहारिक र शैक्षिक गुणस्तर बढाउन शैक्षिक मेला आयोजना गरिएको बताए। उनले शैक्षिक मेलाले बालबालिकाको पढ्ने बानीको मात्रै विकास नभएर पढाइसँगै अतिरिक्त क्रियाकलाप र शैक्षिक गुणस्तर वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए।

कार्यक्रममा सोइया महिला स्वभालम्बी संस्थाद्वारा शिक्षकहरूलाई प्रदान गरिएको सहकार्यत्मक शिक्षण विधिको प्रयोग गरी मोडल कक्षा प्रदर्शन गरिएको छ। मेलामा विद्यार्थीका क्रियाकलाप, शैक्षिक सामग्री स्टल, गणित शैक्षिक सामग्री स्टल, मेलामा कक्षा १ देखि १० सम्म विज्ञान, गणित र नेपाली विषयसम्बन्धी शैक्षिक सामग्री साथै कृषि सम्बन्धी प्रदर्शनी समेत गरिएको छ। मेलाको अवसरमा विद्यालयमा निर्मित ई-लाइब्रेरी र स्तरीय चमेना गृह समेत उद्घाटन गरिएको छ।

**हुम्ला डायरी**
**ओबराज शाही/मध्यान्ह**

# विद्युत लाइन विस्तारको काम नभएको भन्दै डेलिगेसन

हुम्लाको खार्पुनाथ गाउँपालिका वडा नं. ५ का स्थानीय विद्युत लाइन विस्तारको काम नभएको भन्दै विद्युत प्राधिकरण हिल्दुम जलविद्युत केन्द्र हुम्लामा डेलिगेसन गएका छन्।

लामो समयदेखि विद्युत लाइन विस्तारको ठेक्का भएपनि काम नभएको भन्दै खार्पुनाथ गाउँपालिका ५ का स्थानीय तेस्रो पटक डेलिगेसन गएका हुन्।

दुर्पा गाउँको लागि नेपाल विद्युत प्राधिकरण हिल्दुम जलविद्युत आयोजनाबाट एक वर्ष अगाडि ठेक्का परेको थियो। तर अहिलेसम्म कुनै काम नभएपछि ठेक्काको म्याद मात्र थपिएकाले डेलिगेसन गएको स्थानीय गोर्ख रोकायाले बताए।



रोकायाले पटक-पटक कार्यालय र ठेकेदारलाई काम अगाडि बडाउन आग्रह गरेपनि कुनै सुनुवाइनै नगरेपछि तेस्रो पटक डेलिगेसन भएको बताए। खार्पुनाकै वडा ५ को खर्पेलगाउँमा हिल्दुम विद्युत वितरणको लाइन विस्तार भएको छ। तर उक्त वडाकै दुर्पा गाउँमा लामो समयदेखि ठेक्का परेपनि कुनै कामको चासो नहुँदा डेलिगेसन आउनु परेको पूर्व वडाअध्यक्ष भिमराज शाहीले बताए।

पूर्ववडा अध्यक्ष शाहीका अनुसार उक्त वडाको खर्पेलगाउँबाट सो गाउँमा विद्युत विस्तार गर्न जम्मा १२ वटा विद्युत पोल लाग्ने भएपनि पोल गाड्ने काम पनि भएको छैन। अहिले स्थानीय दियालो बालेर बस्नुपर्ने बाध्यता रहेको छ।

अन्तिम तेस्रो पटकको डेलिगेसनले ठेकेदारसँग कामको थालनी गरी अगाडि बढेर अबको एक महिनाभित्र उक्त गाउँमा बत्ती बल्ने हिल्दुम विद्युत प्राधिकरण हुम्लाले जनाएको छ। दुर्पा गाउँमा करिब ६० घरदुरी विद्युतको प्रतिक्षामा रहेका छन्।

# लहानमा फोहोर व्यवस्थापनका लागि 'गार्बेज ट्रक'

**रामएकवाल राम/मध्यान्ह**
सिरहा, ११ भदौ

सिरहाको लहान नगरपालिकाले आधुनिक किसिमको फोहोर व्यवस्थापन गर्ने ८ वटा 'गार्बेज ट्रक' सञ्चालनमा ल्याएको छ। नगरपालिकाले अबदेखि उक्त ट्रकबाट फोहोर संकलन गर्ने नगर प्रमुख महेश प्रसाद चौधरीले जानकारी दिए।

प्रमुख चौधरीका अनुसार फोहोर संकलन गर्न ट्र्याक्टरभन्दा सो ट्रक सजिलो तथा सहज हुने भएकाले पहिलो चरणमा वडा नं. १ देखि १० सम्म उक्त ट्रकमार्फत



फोहोर संकलन गरिनेछ। बिस्तारै कार्यविधि बनाएर गार्बेज ट्रकमार्फत २४ वटै वडासम्मको फोहोर संकलन गरिने उनले बताए।

साथै नगरवासीका लागि निःशुल्करुपमा एम्बुलेन्स सेवा पनि केही दिनभित्रै सञ्चालन गर्ने नगरपालिकाको तयारी रहेको छ।

# बीमा क्षेत्रको सेवा विस्तार गर्न अन्तरक्रिया

बीमा क्षेत्रको सेवा विस्तार गर्न हुम्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम नेपाल बीमा प्राधिकरण र सिमकोट गाउँपालिकाबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा जिल्लामा भएका विभिन्न बीमा कम्पनीमा आबद्ध एजेण्डासँग बीमा कसरी गर्ने ?, कुन बीमा कुन तरिकाबाट गर्ने ?, बीमा भर्न आउने नागरिकलाई बीमाको विषयमा कसरी बताउने ?, बीमाका प्रकार लगायतका विषयमा अन्तरक्रिया गरिएको थियो।

नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालय प्रमुख पदम प्रसाद सोडारीको उपस्थितिमा बीमा कम्पनीले कसरी काम गरेका छन् ?, सेवामा आबद्धता लगायतको विषयमा अन्तरक्रिया गरिएको सूर्य लाइफ इन्स्योरेन्स हुम्लाका कर्मचारी लोग भण्डारीले बताए।

कार्यक्रममा सहभागीले राखेको प्रश्नको जवाफ प्रदेश कार्यालय प्रमुख सोडारीले दिएका थिए। कार्यक्रममा प्रमुख अतिथि सिमकोट गाउँपालिकाका अध्यक्ष विजय



भण्डारीले बीमा भनेको जीवनमा हुने घटनाको प्रतिफल भएकोले बीमा गर्नु जरुरी देखिएको बताए।

प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले हुम्ला जस्तो दुर्गम जिल्लामा आएर बीमासँगै कृषि बीमाको पनि जानकारी दिएकाले यसको प्रतिफल आउने बताए।

कार्यक्रममा सिमकोट गाउँपालिका उपाध्यक्ष सुशिला रोकाया लगायत सुरक्षा निकायाका प्रमुख तथा प्रतिनिधि, बीमामा आवद्ध व्यक्तिहरुको उपस्थिति रहेको थियो।

## संघीयताप्रति...

रुपमा काम गर्न नसकेको उनीहरुको भनाइ छ। प्रदेश सरकारलाई प्रहरी परिचालनको अधिकार दिन माग गरिएको छ। बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले तत्काल प्रहरी समायोजन ऐनले गरेको व्यवस्था अनुसार प्रहरी समायोजन गर्न प्रधानमन्त्री प्रचण्डको ध्यानाकर्षण गरे।संघीय निजामती ऐन, संघीय शिक्षा ऐनलगायतका महत्वपूर्ण ऐन ल्याउन र प्रदेश सरकारलाई सबल बनाउन आग्रह गरे। 'प्रदेश सरकारलाई सबल नबाई र हालकै अवस्थामा चल्ने अवस्था कायम राखिए थप जटिलता पैदा हुनेछ। यसको जिम्मेवार हामी सबै हुनुपर्छ। नेतृत्वको हिसावले प्रधानमन्त्री प्रचण्ड अझ बढ्ता जिम्मेवार हुनुहुनेछ' उनले भने।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सुरक्षा र प्रशासन बिना प्रदेश सरकार सबल हुन नसक्ने भएकाले तत्काल प्रहरी समायोजन ऐन अनुसार प्रहरी परिचालन गर्ने अधिकार प्रदान गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराए।

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले गत असारको सुरुआतको प्राकृतिक विपद्का कारण आफ्नो प्रदेशमा ठूलो जनधनको क्षति भए पनि हालसम्म प्रभावितले राहत नपाएकोमा गुनासो गरे।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आर्थिक मन्त्री भएपनि संघीय सरकारले साबिककै बजेट ल्याइएको भन्दै आफ्नो प्रदेशमा भने यथार्थवादी बजेट ल्याएको बताए। आफ्नो प्रदेशको बजेट शतप्रतिशत कार्यान्वयन गराउने योजनाका साथ लागिपरेको उल्लेख गर्दै मुख्यमन्त्री शाहले प्रभावकारी रुपमा कर्मचारीको प्रबन्ध गरिदिन प्रधानमन्त्री प्रचण्डलाई आग्रह गरे। कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले कर्णाली प्रदेशको समग्र विकासका लागि विशेष आर्थिक प्याकेजको प्रबन्ध गर्न माग गरे। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कर्मचारी परिचालनमा देखिएको समस्या समाधान गर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले काम गर्नुपर्नेमा जोड दिए।

## १८१ वटा...

हक कार्यान्वयन हुन नसकेको गुनासो र सांसदहरुको चासोलाई आधार बनाएर २८ पुस २०७९ मा राष्ट्रियसभामा अध्ययन उपसमिति गठन भएको थियो। उपसमितिले तयार पारेको प्रतिवेदनमा संविधान लागू गर्न आधारभूत रुपमा कम्तीमा १८१ वटा कानुन बनाउनुपर्ने उल्लेख छ। जसमध्ये संघीय संसदले १५०, प्रदेश सभाले २४ र स्थानीय तहले ६ वटा विषयमा कानुन बनाउनुपर्ने भनि सिफारिस गरिएको छ। संघीय संसदले बनाउनुपर्ने १५० वटा कानुनमध्ये ३९ वटाको प्रक्रिया तत्काल सुरु गर्न सिफारिस गरिएको छ।

## एमसीसी...

अध्यक्ष नेपालको भनाइ छ।

अर्का पूर्वप्रधानमन्त्री झलनाथ खनाल फेरि एसपीपी सम्झौताको तयारी भइरहेको बताउँछन्। सोमबार काठमाडौंमा आयोजित एउटा कार्यक्रमलाई सम्बोधन गर्दै नेता खनालले एसपीपीको सबै ड्राफ्ट तयार भइसकेको दाबी गरे।

साथसाथै उनले एमसीसीका विषयमा पनि प्रश्न गरे। एमसीसी सम्झौता, इमानदारीपूर्वक, देशको हितमा गरिएको थियो भने किन दस्तावेजहरू लुकाएको भन्दै प्रश्न गरे। 'एमसीसी सम्झौता, इमानदारीपूर्वक, देशको हितमा गरिएको थियो, राष्ट्रको हितमा गरिएको थियो भने दस्तावेजहरू लुकाउनुपर्ने के जरुरत थियो त्यहाँ ? के कारणले लुकाइयो ?' उनको प्रश्न छ, 'दालमा कालो छ भन्ने कुरा त्यहीँबाट थाहा हुन्छ।'

कार्यदल बनाएर अध्ययन गर्नुपर्छ भनेर आफूले र डा. भीम रावलले माग गरेको उल्लेख गर्दै उनले कार्यदल बनाएर अध्ययन पश्चात दिएको प्रतिवेदनमा एमसीसी भित्र के के समस्या छन भन्ने विषय स्पष्ट रुपमा राखिएको बताए।

एमसीसी जस्तै एसपीपी अगाडि बढेको उनको भनाइ छ। उनी अगाडि भन्छन्, 'अर्को एसपीपी सम्झौताको सारा तयारी हुँदैछ, त्यसपछि नेपालका पर्वतमा अमेरिकी सेना नाच्न पाउँछ।'

## मिनी...

किरण साहले महिला बालबालिका तथा सामाजिक समितिको सभापतिमा सर्वसम्मत भए। नेपाली कांग्रेसबाट आरजु राणा देउवा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, रामहरि खतिवडाले राज्य व्यवस्था तथा सुशासन समिति र सन्तोष चालिसे अर्थ समितिको सभापति भए। कानुन, न्याय तथा मानव अधिकार समितिको सभापतिमा माओवादी केन्द्रकी विमला सुवेदी निर्वाचित भइन। अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जनता समाजवादी पार्टीका राजकिशोर यादव, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा एकीकृत समाजवादीका भानुभक्त जोशी चुनिए। प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुखले १० वटै विषयगत समिति सभापतिको निर्वाचन सोमबार दिउँसो ३ बजेका लागि निर्धारण गरेको घोषणा अनुरुप निर्वाचन प्रक्रिया अघि बढेको थियो। सोमबार सभापतिहरु निर्वाचित भएर पद तथा गोपनियताको शपथग्रहण गरेसँगै मिनी संसदले पायो पूर्णता पाएको हो।

## मधेशीप्रति...

फिर्ता लिएको बताए। 'हाम्रो प्रतिस्पर्धा जनमतसँग थिएन, उहाँको उम्मेदवारसँग हुँदै होइन। सत्ता पक्ष र गठबन्धनले खेलेका भूमिकाप्रति थियो' उनले भने, 'प्रतिपक्षले लेखा समितिको जिम्मेवारी लिएर दरो रुपमा सरकारलाई खबरदारी गर्नुपर्ने, अरु राजनीतिक दलले सदनमा उपस्थितिको आधारमा समितिको नेतृत्व गर्न पाउनुपर्ने थियो। तर राजनीतिक भागबण्डाका आधारमा समितिका जिम्मेवारी बाँडफाँट गर्नुभयो। यो दुषित कुरा हो। उम्मेदवारी फिर्ता लिए हामीले मधेशीप्रति न्याय गरेका हौं।'

सत्तारुढ गठबन्धन र प्रमुख प्रतिपक्षी दल एमालेले संसदीय समितिको सभापतिमा भागवण्डा गरेका थिए। तर उक्त भागवण्डामा रास्वपालाई सहभागी गराइएको थिएन। त्यसको विरोधमा उम्मेदवारी दिएका पराजुलीले मधेशलाई न्याय गर्न भन्दै उम्मेदवारी फिर्ता लिए।

**मलेसियामा रोजगार**
कम्पनी: TEONG CHUAN PLASTIC (M) SDN. BHD.
शहर : SELANGOR

पूर्व स्वीकृत मितिः २०८०/०४/१४ चलानी नं.: ६०२०५३६४ LT. No.: 290152

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २२ गते (8 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला।

JobSpot International Pvt. Ltd. Lic. No.: 835/066/067
**जबस्पट इन्टरनेशनल प्रा.लि.**
चप्पल कारखाना-०४ काठमाडौं, फोन: ४०१५५००,४०१५६००,४०१५५१६, फ्याक्स : ४०१५७०६

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०९/२५ मा दर्ता भएको **प्रा.लि. नं. ४३४४२** को **जुपिटर हाइड्रोपावर एण्ड जनेरल कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८०/०४/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीका लागि काम गर्न सक्ने कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।
अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ।

SALARY Negotiable

PRO : 4 (M/F)
Documentation : 3 (M/F)

- Minimum 2/3 Years of Experience in Manpower.
- Minimum +2 passed, Computer चलाउन सक्ने।
- English बोल्न सक्न, लेख्न सक्ने हुनुपर्नेछ।

Please send your CV: info@goldenach.com

Golden Achivers International Pvt.Ltd.
श्रम इजाजत पत्र नं.: १५२२/०७८/०७९
Basundhara Chauki Kathmandu
01-5914478, 01-5919381
9803115527

# ‘भूगोल, समाज र संस्कृतिलाई डंगोलको बादलडाँडाले जोड्छ’

काठमाडौं/मस- नियात्राकार राजेन्द्रमान डंगोलद्वारा रचित नियात्रा संग्रह ‘बादलडाँडा’को लोकार्पण गरिएको छ । प्रमुख अतिथि प्रा.डा. रमेशप्रसाद भट्टराईले एक कार्यक्रमका बीच नियात्रा संग्रह ‘बादलडाँडा’को लोकार्पण गरेका हुन् ।

उक्त संग्रह लोकार्पण गर्दै प्रा.डा. भट्टराईले डंगोलका नियात्रामा आत्मपरक लेखनको प्रभाव, पर्यावरण संरक्षण र स्थानीय जनजीविकाका सवालमा नियात्रा रचिएको बताए ।

कार्यक्रममा विशिष्ट अतिथि ,नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव तथा समालोचक डा. धनप्रसाद सुवेदीले नियात्राकारले भूगोल, संस्कृति र समाजको सौन्दर्यलाई आत्मसात गर्दै रचिएको ‘बादलडाँडा’ नियात्रा संग्रह स्तरीय र पठनीय रहेको बताए । उनले चीनमा अध्यापनरत रहँदा चिनियाँ विद्यार्थीहरूलाई उत्कृष्ट सामग्री सिफारिस गर्न धौंधौ परेको धारणा राख्दै ‘बादलडाँडा’ जस्ता कृतिले त्यस अभावलाई मेट्ने बताए । साथै नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञहरू रारा साहित्यिक महोत्सवमा सहभागी हुँदा जेजस्ता टीकाटिप्पणीहरू भएपनि त्यो नियात्रा लेखनका लागि महत्वपूर्ण साहित्यिक खुराक भएको दृष्टिकोण सबैले राख्नुपर्ने उनले बताए ।

यस्तै कवि तथा समालोचक डा.विन्दु शर्माले नियात्राकार डंगोलको ‘बादलडाँडा’मा यथार्थ र तथ्यपरक सूचना समेटिएको बताउँदै घुमफिरका क्रममा स्थानीय ठाउँको सूक्ष्म दृष्टिकोणसहित पर्यटन प्रवर्द्धन,आर्थिक विकास, विसंगति, जीविकोपार्जनको अवस्था, पर्यावरणमा आएका असर र जोखिमका बारेमा स्पष्ट पारेको बताए ।



यसैगरी समालोचक राम लोहनीले नियात्राकार डंगोलको लेखनशैली र भाषामा परिष्कार रहेको बताए। कवि तथा समालोचक आर.एम. डंगोलले नियात्राकार डंगोलको परिचय, व्यक्तित्व र कृतित्वबारे प्रकाश पार्दै नियात्रा लेखनमा डंगोलले नयाँपन दिएको आभास भएको बताए ।

नियात्राकार डंगोलले लेखकका कृतिहरू सार्वजनिक भएपछि सबैको सम्पत्ति हुने बताउँदै ‘बादलडाँडा’ पाठकको मनमस्तिष्कमा रहे मात्र नियात्राकार बाँच्न सक्ने बताए ।

कार्यक्रममा प्रा.डा. ऋषिराम शर्मा, पर्यटन व्यवसायी तथा समाजसेवी आङछिरिङ शेर्पा, टानका पूर्वअध्यक्ष नवराज दाहाल र नेपाल पर्यटन बोर्डका उपाध्यक्ष चन्द्र रिजालले शुभकामना मनतव्य राखेका थिए। यसैगरी गाउँ पर्यटन मञ्च (भिटोफ)का महासचिव निशेष थापाले स्वागत मनतव्य र भिटोफका पूर्वअध्यक्ष बोधराज भण्डारीले धन्यवाद ज्ञापन गरे । भिटोफ नेपालका अध्यक्ष गोपाल थापाको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमको सहजीकरण कवियत्री लक्ष्मी रूम्बाले गरेकी थिइन् ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/१२**

साउण्डलाईन्स ट्राभल्स एण्ड टुर्स प्रा. लि. को मिति २०८०/०५/०१ मा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **(साउण्डलाईन्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु ब्योहोर्नु पर्ने कर दायित्व आदि सबै परिवर्तित नाम **(आरम्भ नेपाल ट्राभल्स एण्ड टुर्स प्रा.लि.)** को कम्पनीले सकार्ने व्योहोर्ने निर्णय गरी तथा नामको सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा कम्पनीको नाम परिवर्तन गरी सोही बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/०५/०३ मा निर्णय भै स्विकृति समेत प्राप्त भै सकेको व्योहोरा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**परिवर्तित नाम**

**आरम्भ नेपाल ट्राभल्स एण्ड टुर्स प्रा. लि.**

(Aarambha Nepal Travels and Tours Pvt.Ltd.)

ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं. १४, महालक्ष्मीस्थान, फोन नं.: **०१५१९३२४०**



**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभाग**
**(प्रशासन, योजना तथा दर्ता शाखा)**

## सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार विभाग अभिमुखिकरण तालिम संचालनको लागि यस विभागबाट इजाजत पत्र प्राप्त संस्था श्री **नेपाल मेनपावर ट्रेनिङ एकेडेमी प्रा.लि (ई.प.नं. १२६)** ले यस विभाग समक्ष इजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सबुद प्रमाण सहित **बैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागमा मिति २०८०/०५/११ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।



## Bahrain मा Security Guard हरूलाई भिषा रेडी भएकोले २० दिन भित्रमा उडान गरिनेछ

SecuriCORE

**1. Securi Core SPC Owned By Rasheed Al-fawaz, Bahrain**

पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६८८० LT No.: 281297

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 25 | 00 | काममा दक्ष | 120 | ४२,०९४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**Basic Salary BD 120 भएतापनि OT Allowance सहित BD 200 हुनेछ ।**

**उमेर : 21 देखि 40 बर्ष, उचाई : 5.6 भन्दा माथि, SLC पासका साथै, अंग्रेजी बोल्न, लेख्न, पढ्न सक्ने र x- Army/Police हरुलाई विशेष प्राथमिकता दिईनेछ ।**

**2. Tmax on Demand Labors Supply, UAE**

पूर्व स्वीकृत मितिः २०८०/०५/११ चलानी नं.: ६०२०६९२३ LT No.:291735

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Messenger,Helper,Cleaner | 100 | 00 | काममा दक्ष | 800 | २८,८०५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Cleaner, Messenger | 00 | 100 | काममा दक्ष | 800 | २८,८०५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८० भदौ १९ गते ( 5 Sept, 2023) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।**

**वैदेशिक रोजगार विभागबाट जराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) बिदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Gov. Lic. No.: 984/067/068

**SAB International Human Resource Pvt. Ltd.**
Baluwakhani Road, Basundhara (Behind Mother House), Kathmandu
Tel: 01- 4016509, 4016503, 9818354280, 9818258132, 9813367848, 9851051560
Pokhara Contact: 061-586186, 9816138559, 9856056786



## Mahashila Rural Municipality
### Office Of The Rural Municipal Executive
**Balakot, Parbat**
**Gandaki Province, Nepal**

### Notice for Invitation of National Competitive Bidding (NCB)

**Date of 1st publication : 2080-05-12 (29th Aug 2023)**

1. **Mahashila Rural Municipality, Balakot, Parbat** invites online sealed quotation from eligible bidders for the Works below.

| Name of Project | Contract ID | Estimated cost NRS (including VAT) | Bid Security (NRS.) | Bid validity/Bid security validity | last date and time of bid submission | Date and place of bid opening |
|---|---|---|---|---|---|---|
| Upgrading Of Ghante-Phalamkhani-Ghantari-Lunkhu Sadak | MRM/NCB/W/R/PAR/02 (2080-081) | 1,06,27,287.59 | 2,70,000.00 | 120 days from the last date of bid submission | 2080-06-11 (28th Sept 2023) 12.00 noon | 2080-06-11 (28th Sept 2023) 2.00 pm (MRM Balakot parbat) |

2. **Bank information**

| Name of the Bank | Office Account no office code; 801044205 | Bidding Document Cost: |
|---|---|---|
| Rastriya Banijya bank, lunkhudeurali branch, Mahashila 5, Parbat | For bid document (Ga-1-1 Aantarik rajaswa khata) 3300100301010002<br>For Bid Security (Ga-3-dharauti khata 3300100303007102) | NRs. 3000 (Three Thousands Rupees only) |

**For datails Contact No: 9857675111, 9857645147, or may visit PPMO e-GP system at www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**



## Kalika Nagar Hospital
**Kholesimal-06, Chitwan**
**Bagmati Province**

### Invitation for Sealed bids

**First date of publication: - 2080-05-12 (29th August, 2023)**

1. Kalika Nagar Hospital, Kholesimal, Chitwan invites electronic sealed Bids from eligible bidders for "SUPPLY AND DELIVERY OF MEDICINE FOR KALIKA NAGAR HOSPITAL", mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (Nrs.) | Price of Bid Document (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | 01/Goods/NCB/KNH/080/081 | Supply and Delivery of Medicine For Kalika Nagar Hospital | 120 Days From the Day of Bid Opening (Upto 2080-10-12 (26th January, 2024) | 2,60,000.00 | 3,000.00 |

**Last Date of Sealed Bids Submission Date :** Before 12 PM on 2080-06-12 (29th September, 2023).
**Sealed Bids Opening Date :** At 13:00 PM on 2080-06-12 (29th September, 2023).
**Location:** Kalika Nagar Hospital, Kholesimal, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.

**Medical Superintendent**
**Kalika Nagar Hospital**



## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८०।०५।१२ गतेका मध्यान्ह राष्ट्रिय दैनिक )**

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पतिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८०।०५।१९ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा ब्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

| सि.नं. | कर्जा शीर्षक | ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना | लिलाम हुने धितोको विवरण |
|---|---|---|---|
| १. | सवारी साधन कर्जा | **ऋणीको नामः बैधनाथ सिंह**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान): २०८६५९३६ (२०६३।०६।०४/महोत्तरी)<br>बाजेको नामः सोभित सिंह कूर्मी<br>बाबुको नामः लोभित सिंह कूर्मी<br>ठेगानाः महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ९ ।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**रमेश सिंह**<br>ना.प्र.प.नं.(जारी मिति/स्थान): १८-०१-७०-०६२३८ (२०७०।०७।०५/महोत्तरी)<br>बाजेको नामः सोभित सिंह कूर्मी<br>बाबुको नामः लोभित सिंह कूर्मी<br>ठेगानाः महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ९ । | धनी एनएमबि बैंक लि. / ऋणी बैधनाथ सिंहको नाममा बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः<br>**सवारीसाधनको विवरणः**<br>किसिमः Maruti Suzuki Cargo Van<br>सवारी दर्ता नं.: बा १८ च ८१२२<br>बनेको सालः २०१७<br>च्यासिस नंः MA3EVB11501808899<br>इन्जिन नंः F8BIN5028448 |
| २. | आवधिक कर्जा | **ऋणीको नामः सविता उन्नत गाई भैसी**<br>(प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासिमा दर्ता रहेको)<br>दर्ता नं.: ९९६/१४९८/०७६<br>दर्ता मितिः २०७६/०३/०४<br>स्थायी लेखा नं.: ६१०८०६१८०<br>ठेगानाः नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. २।<br>**प्रोप्राईटरः**<br>**सविता महतो**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३६३०१५/१८८(२०६३/१०/१२/नवलपरासी)<br>बाबुको नामः विकराम महतो<br>ससुराको नामः रामानन्द अहिर<br>पतिको नामः मोहन अहिर यादव<br>ठेगानाः नवलपरासी जिल्ला, पिठौली गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. २।<br>**व्यक्तिगत जमानतकर्ताहरूः**<br>**१. मोहन अहिर यादव**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ६७८११(२०६०/०९/२१/नवलपरासी)<br>बाजेको नामः हंसा अहिर<br>बाबुको नामः रामानन्द अहिर<br>ठेगानाः नवलपरासी जिल्ला, स्वांठी गा.वि.स. वडा नं. ३ ।<br>**२. कोमल यादव**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३६३०७४/९७ (२०६३/१०/२९/नवलपरासी)<br>बाजेको नामः हंसा अहिर<br>बाबुको नामः रामानन्द अहिर<br>ठेगानाः नवलपरासी जिल्ला, स्वांठी गा.वि.स. वडा नं. ३ ।<br>**३. रामानन्द अहिर**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): २०१९८(२०३६/०३/०५/नवलपरासी)<br>बाजेको नामः गंगा प्रसाद अहिर<br>बाबुको नामः हंसा अहिर<br>ठेगानाः नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. २। | गंगा प्रसाद अहिर को नाति, हंसा अहिर को छोरा, नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. २ बस्ने **रामानन्द अहिर** को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, स्वांठी गा.वि.स. वडा नं. ९ क स्थित कि.न. ८५ को क्षेत्रफल ०-२-१० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ३. | १. ओभरड्राफ्ट<br>२. डिमाण्ड कर्जा<br>३. पटके डिमाण्ड कर्जा | **ऋणीको नामः पाथीभरा सप्लायर्स**<br>(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा दर्ता रहेको)<br>दर्ता नं.: २४१२०/०६८/०६९<br>दर्ता मितिः २०६८/१०/१३<br>स्थायी लेखा नं.: ३०४३८९९८२<br>ठेगानाः मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं. २।<br>**प्रोप्राईटरः**<br>**जानुका राजभण्डारी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ०५२०२८/३८४०(२०६७/०३/१४/मोरङ,उर्लाबारी)<br>बाबुको नामः तेज बहादुर श्रेष्ठ<br>ससुराको नामः रिपु मर्दन राजभण्डारी<br>पतिको नामः तेजेन्द्र प्रकाश राजभण्डारी<br>ठेगानाः मोरङ जिल्ला, पथरी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं १।<br>**व्यक्तिगत जमानतकर्ताहरूः**<br>**१. तेजन्द्र प्रकाश राजभण्डारी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ०५२०२८/२५४६३ (२०६९/१२/१२/मोरङ,उर्लाबारी)<br>बाजेको नामः लक्ष्मी सुन्दर राजभण्डारी<br>बाबुको नामः रिपु मर्दन राजभण्डारी<br>ठेगानाः मोरङ जिल्ला, पथरी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं १।<br>**२. सुशिला राजभण्डारी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ४६१७(२०५८/०९/०९/मोरङ,उर्लाबारी)<br>बाबुको नामः तेज बहादुर श्रेष्ठ<br>ससुराको नामः रिपु मर्दन राजभण्डारी<br>पतिको नामः तेजेन्द्र प्रकाश राजभण्डारी<br>ठेगानाः मोरङ जिल्ला, पथरी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं १। | लक्ष्मी सुन्दर राजभण्डारीको नाति, रिपु मर्दन राजभण्डारीको छोरा, मोरङ जिल्ला, पथरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं. १ बस्ने **तेजेन्द्र प्रकाश राजभण्डारी** को नाममा मालपोत कार्यालय मोरङ बेलबारी को लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ६ ध स्थित कि.न. ३६९८ र ३६९६ को क्षेत्रफल ०-०-२¹/⁴ र ०-१-१९ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ४. | व्यक्तिगत ओभरड्राफ्ट कर्जा | **ऋणीको नामः मोहित रसाली**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३९१०२६/२३७ (२०६६/०४/२०/पाल्पा)<br>बाजेको नामः हर्क बहादुर बिश्वकर्मा<br>बाबुको नामः बम बहादुर बिश्वकर्मा<br>ठेगानाः पाल्पा जिल्ला, ताहुं गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १५।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**कृष्णा गजमेर (सुनार)**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ११४६/०४४(२०६०/०९/०९/चितवन)<br>बाबुको नामः दिपक कुमार सुनार<br>ससुराको नामः बम बहादुर बिश्वकर्मा<br>पतिको नामः मोहित रसाली<br>ठेगानाः चितवन जिल्ला, शारदानगर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १५। | हर्क बहादुर बिश्वकर्मा को नाति, बम बहादुर बिश्वकर्मा को छोरा, पाल्पा जिल्ला, ताहुं गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. १५ बस्ने **मोहित रसाली** को नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, दाउन्नेदेवि गा.वि.स./न.पा. वडा नं. ७ ग स्थित कि.न. २४ को क्षेत्रफल १६१०.३९ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ५. | सम्पत्ति धितो कर्जा | **ऋणीको नामः दिवेश श्रेष्ठ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३७१०२३/२/३३८६१(२०६४/०१/०६/रुपन्देही)<br>बाजेको नामः शुशिल कुमार श्रेष्ठ<br>बाबुको नामः दिपक कुमार श्रेष्ठ<br>ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ३।<br>**व्यक्तिगत जमानतकर्ताहरूः**<br>**१.शान्ता श्रेष्ठ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-६९-००६९४(२०६९/०६/१८/रुपन्देही)<br>बाबुको नामः कृष्ण बहादुर खत्री क्षेत्री<br>ससुराको नामः दिपक कुमार श्रेष्ठ<br>पतिको नामः दिवेश श्रेष्ठ<br>ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं.१३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ३।<br>**२. शारदा श्रेष्ठ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ४२०४७ (२०३६/०४/२१/रुपन्देही)<br>बाबुको नामः ईन्द्र बहादुर श्रेष्ठ<br>ससुराको नामः शुशिल कुमार श्रेष्ठ<br>पतिको नामः दिपक कुमार श्रेष्ठ<br>ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा.,वडा नं. ३।<br>**३. दिपक कुमार श्रेष्ठ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ६३३६६(२०३८/०९/१९/रुपन्देही)<br>बाजेको नामः लक्ष्मी श्रेष्ठ<br>बाबुको नामः शुशिल कुमार श्रेष्ठ<br>ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ३।<br>**४. साकार श्रेष्ठ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३७१०२३/३५५५८(२०६४/१०/२७/रुपन्देही)<br>बाजेको नामः शुशिल कुमार श्रेष्ठ<br>बाबुको नामः दिपक कुमार श्रेष्ठ<br>ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ३। | ईन्द्र बहादुर श्रेष्ठको छोरी, शुशिल कुमार श्रेष्ठको बुहारी, दिपक कुमार श्रेष्ठ को पत्नि, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ३ बस्ने **शारदा श्रेष्ठ** को नाममा मालपोत कार्यालय रुपन्देही को लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ६ स्थित कि.न.नं. २५ को क्षेत्रफल ३२५.७५ ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९,
**Ext.** १०७, १०४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१२ भदौ २०८०, मंगलबार
29 August 2023, Tuesday

सम्पादकीय

## अभिव्यक्तिको अर्थ

**सोमबार विभिन्न कार्यक्रममा नेताहरूले दिएका केही अभिव्यक्तिलाई लिएर एउटा सारांश निकाल्न सकिन्छ– हिजो विकास र परिवर्तनलाई एजेण्डा बनाएर राजनीति गर्ने प्रवृत्ति बदलिएको छ । त्यसको साटो भ्रष्टाचारविरोधी अभियान र सुशासनको एजेण्डा अबको राजनीतिको आधार बन्ने आधार बलियो बन्दैछ । जसलाई सांराशमा उल्लेख गरेर निष्कर्षमा पुग्न सकिन्छ । सोमबार अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अहिले भ्रष्टाचारविरोधी अभियानकै कारण मन्त्री र सचिवहरूले निर्णय गर्नै नमान्ने परिस्थिति बनेको छ । कुनै निर्णय गरे भोलि त्यसैमा मुद्दा चल्ने र जेल जानुपर्ने भयका कारणले मन्त्री र सचिवहरूले हरेक निर्णयमा हच्किने गरेको प्रधानमन्त्रीको भनाइ थियो । अगाडि बढेर प्रधानमन्त्री प्रचण्डले सचिव र मन्त्रीहरू डराएकाले सरकारले कामै गर्न नसक्ने परिस्थिति बनेको बताए ।**

**लगत्तै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भ्रष्टाचारका मुद्दाहरूमा छानबीन गर्न चुनौती दिए । ती कुनैपनि मुद्दामा आफ्नो संलग्नता नरहेको दाबीसहित ओलीले जति मुद्दा खोलेपनि सत्तारूढ नेताहरूले नै जेल जाने बताएका थिए । तर सरकारले प्रतिपक्षीलाई लक्षित गरेर मुद्दा चलाउने गरेको तर्क ओलीले गरे । सोमबार पूर्वमन्त्री प्रभु साहले गौर घटनाको मुद्दा अगाडि नबढाइए हेग जाने चुनौती दिए । यो मुद्दा १६ वर्ष पुरानो हो । यसबीचमा साह केहीपटक मन्त्री भए । तर माओवादी केन्द्र परित्याग गर्दै एमाले हुँदै अहिले आफ्नै नेतृत्वमा पार्टी बनाएका साहले अहिले मधेशमा आफ्नो प्रभाव बढाउन गौर हत्या प्रकरणलाई जोडका साथ उठाइरहेका छन् ।**

